**प्रश्न नं. ५०**

**त्रि.वि.,कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.बि.द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरण**

**कक्षा रोल नं. ५९७८ देखि ६०९९ सम्मका विद्यार्थीहरुका लागी मात्र**

गोरखा जिल्ला, अजिरकोट गाउँपालिका वार्ड नं.१ लालबहादुर गुरुङको जाहेरीले नेपाल सरकार

विरुद्ध

गोरखा जिल्ला, अजिरकोट गाउँपालिका वार्ड नं.१ मा वस्ने शेरबहादुर गुरुङ

**मुद्दा : ज्यान सम्बन्धी कसुर**

(१) मेरो बहिनी घाइली भन्ने कुमारी गुरुङ्लाई ज्याइँ शेरबहादुर गुरुङले दिनहु गाली गलौज, कुटपिट झैझगडा गर्दै आइरहेकोमा मिति २०७५।०८।०१ गते राति निज बहीनीलाई ज्वाइँले बाया पट्टीको स्तनमा निलडाम हुने गरी कुटपिट गरी बेहोस बनाई झुण्डी मरेको जस्तो बनाउन घरमा कोही नभएको मौका पारी घाँटीमा नाम्लोको डोरीको पासो लगाई झुण्ड्याई ज्यान मारेको हुँदा कानुन बमोजिम करवाही गरिपाउँ भन्ने समेत बेहोराको **लालबहादुर गुरुङको जाहेरी दरखास्त ।**

(२) जिल्ला गोरखा अजिरकोट गाउपालिका वडा नं.१ स्थित शेरबहादु गुरुङको घर भर्याङको बीच भागमा धुरीबलोमा नाम्लोको डोरीको घाटीमा पासो लगाई झुण्डी मुत्यु भएको घाइली भन्ने कुमारी गुरुङको लास, सो लासको बायाँ पट्टीको स्तन सुन्निएको अवस्थामा रहेको र दाया कुमको भागमा ठोकीएको जस्तो रातो डाम रहेको भन्नेसमेत बेहोराको **घटनास्थल तथा लास जाँच मुचुल्का ।**

(३) शेरबहादुर गुरुङ मेरो बुबा हुनुहुन्छ। निज बुबा रोजगारको सिलसिलामा पहिला २ वर्ष कतारमा बस्नु भएको र पछि १ वर्ष जति साउदी अरबमा बसी घरमा आउनु भएको १४ महिना जति भयो। बुबा घरमा आएपटि बुबा विदेश रहदा कान्छो भाई महेन्द्र गुरुङको जन्म भएकोले सोही विषयलाई लिएर दिनहुँ आमालाई गाली गलौज गर्ने जोसँग बोल्यो त्यसैलाई लाञ्छना लगाउने गर्नुहुन्थ्यो। बुबाले जति गाली गलौज गरे पनि आमाले सहदै आउनु भएको र सहनै नसकी २ पटकसम्म गाउँ समाजले समेत कागज गरी मिलाएको पनि थियो। यस्तोमा मिति २०७५।०८।०१ गते साँझ खाना खाने समयमा आमाले आज पनि मलाई बुबाले गोठमा गाली गर्नुभएको थियो भनेकी थिइनु। साँझ खाना खाई र मेरो साथी कौशिला गुरुङ घरसँग सटिएको अर्को कोठामा सुत्न गयौं। बुबा र आमा झैझगडा गर्दै थिए। राति बुबाले मलाई उठाउनु भएकोले म उठ्दा रातको २ बजेको थियो बुबाले आमा भुण्डी गरिछन् भनेकोले गई हेर्दा घरको धुरीबलोमा नाम्लाले घाँटीमा पासो लगाई झुण्डी मृत्यु भएको अवस्थामा देखेको हुँ भन्ने बेहोराको **ओमकुमारी गुरुङको कागज ।**

(४) मृतक घाइली भन्ने कुमारी गुरुङको मृत्यु Probable cause of death hanging को कारण भएको भन्ने समेतको शव परीक्षण प्रतिवेदन ।

## प्रश्न नं. ५०

(५) म रोजगारीको लागि साउदी अरब गएको अवस्थामा ८ महिनामा कान्छो छोरा महेन्द्र गुरुङको जन्म भएकोले मैले शंका मानी विदेशबाट आएपछि श्रीमती कुमारी गुरुङलाई गाली गलौज कुटपिट गर्ने गरेको र रिसको आवेशका नमारेसम्म शान्त हुदैन भनेको हुँ । मिति २०७५।०८।०१ गतेको साझ श्रीमती र मेरो झगडा हुँदा एक थप्पड गालामा हानेको र दुवै जनाको धकेला धकेल भएको हो । खाना खाएपछि म ढलानमा गई हुते । तीनवटा छोरी गाउमा सुत्न गएका हुन् । श्रीमती कान्छो छोरालाई लिएर भुइँतलामा सुतेकी थिइन् । राति २ बजेकु समयमा पिसाब फेर्न बाहिर निस्कन खोज्दा भर्याङमाथि धुलीबलोमा नाम्लाको पासो घाँटीमा लगाई झुण्डी मरेको अवस्थामा श्रीमती कुमारी गुरुङलाई देखेकोले मैले साहिली छोरीलाई उठाई सो कुरा बताएपछि छोरीले अन्य छोरीलाई र गाउँलेहरुलाई खबर गरेकी हुन् । मैले श्रीमती कुमारी गुरुङलाई मारेको होइन , छोरीहरुले कुठपिट गरी अचेत बनाई कर्तव्य गरी मारेको भनी किन लेखाए र जाहेरीमा समेत मैले नै मारेको भनी किन किठानी जाहेरी दिए मलाई थाहा छैन । मैले श्रीमतीलाई कर्तव्य गरी मारेको होइन छैन भन्नेसमेत बेहोराका **शेरबहादुर गुरुङकने बयान ।**

(६) प्रतिवादी शेरबहादु गुरुङले आफ्नो श्रीमती कुमारी गुरुङलाई अचेत अवस्थामा पुर्याई नाम्लोले घाँटीमा पासो लगाई घरको धुरीबलोमा झुण्डायाई मारेको कुरा बुझि र पुष्टि हुन आएकोले निज प्रतिवादीलाई मुलुकी अपराध संहिता,२०७४ को ज्यान सम्बन्धी कसुरको दफा १७७ को उपदफा १ बमोजिमको कसुर अपराधमा सोही संहिताको दफा १७७ को उपदफा २ बमोजिम जन्म कैदको सजाय गरिपाउँ भन्ने व्यहोराको **अभियोग पत्र ।**

(७) मेरो घरको आर्थिक अवस्था कमजोर र घरमा बालबच्चा धेरै भएको हुँदा बालबच्चा पाल्नको लागि रोजगारीमा विदेश गएको थिएँ । विदेशमा कमाएको पैसा मैले जहान बच्चालाई घरमा पठाएको थिएँ । श्रीमती रक्सी खादै हिडेको हाटबजार हिड्ने गरेर पैसा स्वाह गर्ने गरेको गाउँमा बुझ्दा थाहा भयो । यस्तैमा २०७५।०८।१ गते बेलुकी म र मेरो श्रीमतीबीचमा झगडा ठाकठुक भएको, यस्तैमा खाना खाई सुतेकोमा रातको ३ बजे मलाई पिसाब लागि बाहिर निस्कदा मेरो श्रीमती कुमारी गुरुङ भर्याङमाथि धुरीबलोमा झुण्डी आत्महत्या गरी मरेकी हुन् भन्ने समेत व्यहोराको **प्रतिवादी शेरबहादुर गुरुङले सुरु गोरखा जिल्ला अदालतमा गरेको बयान ।**

(८) मेरो बहिनी कुमारी गुरुङ झुण्डी मरेको होइन । यी प्रतिवादीले कुटपिट गरी बेहोस अवस्थामा पारी झुण्ड्याएर मारेकोमा पुर्ण विश्वास लाग्छ भन्नेसमेत बेहोराको **जाहेरवाला लालबहादुर गुरुङ गरेको बकपत्र ।**

(९) गोरखा जिल्ला अदालतबाट भएको फैसला

(१६) उच्च अदालत पोखरामा दिएको पुनरावेदन पत्र